नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग
☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
ववरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- २०७४/७५
च. नं. :- ०८

२०७४।४।२

विषय : <u>स्थानीय तहमा कर्मचारी व्यवस्थापन सम्बन्धमा</u> ।

श्री जिल्ला वन कार्यालयहरु
(सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा वाहेक)

वन तथा भू-संरक्षण मन्त्रालयको च.नं. २३४३ मिति २०७४।३।१८ को स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने पत्रानुसार स्थानीय तहको काममा सहयोग गर्ने प्रयोजनार्थ स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्वन्धी आदेश, २०७४ वमोजिम स्थानीय तहको विस्तृत संगठन व्यवस्थापन तथा सर्वेक्षण भई दरवन्दी कायम नभएसम्म स्थानीय तहवाट माग आएमा जिल्ला/सेक्टर/ईलाका वन कार्यालय अन्तर्गत साविकमा गर्दै आएको कामकाजका अतिरिक्त यसैसाथ संलग्न नेपाल सरकार (सचिव स्तर) को मिति २०७४।३।१६ को निर्णयबाट स्वीकृत कर्मचारीको कार्य विवरण अनुसार स्थानीय तहको समेत थप कामकाज गर्ने गरी त्यस जिल्ला अन्तर्गतका स्थानीय तहमा कम्तिमा एक जना वन प्राविधिक कर्मचारी (कम्तिमा रा.प.अनं.प्रथम श्रेणीसम्म) को व्यवस्थापन हुन अनुरोध छ । यसरी कर्मचारी व्यवस्था गर्दा जिल्ला/सेक्टर/ईलाका वन कार्यालय रहेको स्थानीय तहको हकमा सोही कार्यालय अन्तर्गतको कर्मचारीवाट स्थानीय तहको काममा सहयोग गर्ने गरी कर्मचारी खटाई सो को जानकारी यस विभागमा पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(वसन्तराज पुरी)
उप सचिव

वोधार्थ :
श्री सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।
श्री वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार ।
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।

Scanned by CamScanner

## स्थानीय तहमा खटिई जाने वन सेवाका कर्मचारीको कार्य विवरण

१. नेपालको संविधान अनुसार स्थानीय तहको एकल सूचिमा परेका र स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को अनुसूची - ३, बमोजिमका गाउँपालिका/ नगरपालिका/ उप महानगरपालिका/ महानगरपालिकाको काम, कर्तव्य र अधिकार तथा अनुसूची - ४, बमोजिम गाउँपालिका/ नगरपालिका/ उप महानगरपालिका/ महानगरपालिकाका वडा कार्यलयको काम, कर्तव्य र अधिकार अर्न्तगत उल्लेखित वन, भू-संरक्षण, वनस्पति, वन्यजन्तु सम्बन्धी कार्यहरु प्रचलित कानूनको प्रतिकुल नहुने गरी सो को अधिनमा रहि कार्यान्वयन गर्ने गराउने ।

२. आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्य अनुसार स्थानीय तहमा विनियोजन गरिएका वन सम्बन्धी (वन, भू-संरक्षण, वनस्पति र वन्यजन्तु) तथा कबुलियति वन विकास कार्यक्रम, जडिबुटि विकास कार्यक्रम, वृक्षसुधार, वृक्षरोपण तथा निजी वन कार्यक्रम, सामुदायिक वन जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम, जिल्ला भू संरक्षण कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रम सहितका देहाय वमोजिमका कार्यहरु गर्ने गराउने ।

- वन नर्सरी स्थापना, संचालन, विरुवा उत्पादन तथा वृक्षारोपण
- वन विकास सम्बन्धी क्षमता विकास तथा प्रचार प्रसार
- निजी वन विकास, व्यवस्थापन सहयोग
- नगर उद्यान, वनस्पति उद्यान, शहरी वन र पर्यापर्यटन विकास
- सार्वजनिक जग्गामा वन विकास, व्यवस्थापन र नियमन
- वन क्षेत्र बाहिर पर्ने सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन
- जडिवुटि खेती विस्तार
- स्थानीय जडिवुटि प्रशोधन केन्द्र स्थापना र संचालन
- वन तथा वन्यजन्तु अपराध, वन डढेलो, वन अतिक्रमण नियन्त्रणमा सहयोग
- एकिकृत जलाधार व्यवस्थापन योजना तयारी
- एकिकृत जलाधार व्यवस्थापन कार्य योजना कार्यान्वयन
- सडक पाखा संरक्षण
- पहिरो व्यवस्थापन
- पानी मुहान संरक्षण

३. अर्धन्यायिक तथा वन संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यहरु साविक बमोजिम नै गर्ने गराउने ।

प्रतिलिपि

शाखा अधिकृत

D:\SAGAR\Prashasan 2073-74\Letters\Letters 2073-12-1 To 2074-3-31.doc

Scanned by CamScanner